# प्रकाशकीय

नेपाल दक्षिण एसियाका अन्य मुलुकभन्दा पुरानो हो । दुई शताब्दी लामो समयदेखि अविच्छिन्न रहे पनि नेपाली राष्ट्रियताको, 'नेपाली जाति'को जग भने तुलनात्मक रूपमा नयाँ हो । भारतीय स्वतन्त्रता संग्राम सँगसँगै नेपाली राष्ट्रियताले आकार ग्रहण गर्दै गएको भन्न सकिन्छ । यो अलि उदार राष्ट्रियता थियो, जुन २००७ सालको क्रान्तिसँगै फैलँदो थियो । तर शाह शासनको पुनरूदयसँगै (विशेषगरी महेन्द्रको अभ्युदयपछि) अनुदार नेपाली राष्ट्रियताको सृजना भयो । सरकारी राष्ट्रवाद मौलायो । नेपाली पहिचान, नेपाली राष्ट्रियताका विभिन्न अवयव खडा त गरियो, तर यस क्रममा नेपाली पहिचान, राष्ट्रियतालाई राजतन्त्र, हिन्दू धर्म, नेपाली भाषा र 'वीर इतिहास'सँग जबर्जस्ती गाँसियो । र, रेडियो, पत्रपत्रिका र पाठ्यपुस्तकमार्फत जबर्जस्ती थोपरियो । एक विशेषखाले पहाडको संस्कृतिलाई राष्ट्रियताको आवरणमा ढालियो । पहाडमा मात्र उपयुक्त हुने दौरा सुरुवाल, ढाका टोपीजस्ता पहिरनलाई राष्ट्रिय पोसाक बनाइयो । राजसंस्था एवं हिन्दू संस्कृतिसित मेल खाने अन्य प्रतीक, विभूतिको सृजना

गरियो । शाह राजाको सक्रिय नेतृत्वको अनुदारवादी एकदलीय (पञ्चायती) शासन व्यवस्थालाई नेपाली राष्ट्रियतासँग जोडियो । वैचारिक विरोधीहरूलाई, बहुदलीयता तथा बहुलवादमा विश्वास राख्नेलाई 'अराष्ट्रिय तत्व'को ठप्पा लगाइयो, जसले गर्दा राष्ट्रियता खोक्रो नारामा परिणत भयो ।

२०४६ सालको जनआन्दोलनले गर्दा शाह शासनले जबर्जस्ती लादेको 'सरकारी राष्ट्रवाद' धरमरायो । किनकि, त्यसको जग अर्थात् पञ्चायती व्यवस्था पतन भयो । र, साथै त्यससँग जोडिएका अन्य अवयवहरु पनि कमजोर भए । राजसंस्थाको औचित्यमा प्रश्न उठ्न थाल्यो । राज्यले एक धर्म-संस्कृतिलाई मात्र प्रश्रय दिँदा अन्य धर्मावलम्बीमाथि भएको अन्यायविरूद्ध आवाज मुखरित हुन थाले । राज्य भाषा नेपाली हुँदा अन्य मातृभाषीहरूले पाखा पारिएको महसुस गरे । तर, यी विषय २०४७ सालको संविधानमा पनि उचित हिसाबले सम्बोधन हुन सकेनन् ।

विभिन्न आदिवासी जनजाति, दलित, मधेसी र हिन्दूबाहेकका धर्म-सम्प्रदायकाले ती विभेद उन्मूलनको माग गरे । आन्दोलनहरू सुरु गरिए । राज्यले उदार नीति त लिन सकेन नै, स्थानीय स्तरमा आफ्ना भाषा (जस्तै : काठमाडौंमा नेपाल भाषा र राजविराज एवं धनुषामा मैथिली भाषा) प्रवर्द्धन गर्ने प्रयासमा समेत बन्देज लाग्न गयो । यी सबै कारणले गर्दा नेपाली राष्ट्रियता जेमा आधारित छ भनिएको थियो त्यसलाई बहुसंख्यक जनताले अपनत्व महसुस गर्न सकेनन् । बरु, विरोधमा नै उत्रन थाले । राज्यले लिएका नीतिले गर्दा कतिपय जनीय समूह (एथनिक ग्रुप) मा 'राष्ट्र त मेरो पनि हो, तर राज्य होइन' भन्ने भाव सृजना हुन पुग्यो ।

२०६२-२०६३ सालको जनआन्दोलनले नेपाली राजनीतिक, सांस्कृतिक क्षेत्रमा उथलपुथल ल्यायो । राजसंस्था उन्मूलन भयो । हिन्दू अधिराज्यबाट मुलुक धर्मनिरपेक्ष राष्ट्र बन्न पुग्यो । नेपाली भाषाको पहुँच थप विस्तार भए पनि हैकम कमजोर भयो, मातृभाषाको महत्ता स्थापित भयो । यसरी वर्षौंदेखि नेपाली पहिचान, नेपाली राष्ट्रियताको आधारस्तम्भ भनिंदै, घोकाउँदै, पढाउँदै आएको जे कुरा थियो, सो ढल्यो । पुरानो सबै मासिएको तर नयाँ ठोस सृजना केही भैनसकेकाले अहिले असमञ्जसको स्थिति देखिन्छ । यस्तै, विभिन्न समुदायमाझ आ-आफ्ना समुदायगत हित प्रवर्द्धन गर्ने प्रतिस्पर्धा चल्दा आपसमा थोरै

अविश्वास पैदा भएको छ । सामाजिक सद्भाव बिग्रने पो हो कि भनेर केहीले शंकासमेत गरेको पाइन्छ । नेपाली पहिचान र नेपाली राष्ट्रियता भनेको के हो, तिनका आधार के हुन् भन्ने अन्योल सृजना भएको देखिन्छ ।

त्यही असमञ्जस, अन्योललाई चिर्न तथा राज्य र नागरिकबीच, नागरिक–नागरिकबीच र विभिन्न सामाजिक समूहबीचको सम्बन्ध–सेतुमा उत्पन्न कटुता र विश्वासको खाडललाई पुर्न हामीले नेपाली पहिचान र नेपाली राष्ट्रियताबारे बौद्धिक छलफल, बहस, विमर्श सुरु गर्न खोजेका हौं । र, त्यस्तो छलफललाई सुरु गर्न, ढोका खोल्न आवश्यक बौद्धिक खुराक पुगोस् भनेर नेपाली राष्ट्रियताबारे एउटा गहन लेख तयार गरिदिन विद्वान् सीके लाललाई आग्रह गऱ्यौं । उहाँले हाम्रो आग्रहलाई स्वीकारेर यो सोचपत्र तयार गर्नुभयो, जसका लागि हामी उहाँप्रति आभारी छौं ।

सीके लाललिखित सोचपत्रमाथि हामीले पाटन, ललितपुर र थापाथली, काठमाडौंमा दुइटा छलफल आयोजना गऱ्यौं । छलफलमा लेखक, साहित्यकार, राजनीतिक व्यक्तित्वहरू सहभागी हुनुहुन्थ्यो । सहभागीहरूलाई पहिले नै सोचपत्र उपलब्ध गराइएको थियो र सोचपत्रमाथि तथा त्यसले उठाएका विषयवस्तुमाथि टिप्पणी, छलफल गर्न उहाँहरूलाई आग्रह गरिएको थियो । लामो र केही क्लिष्ट उक्त सोचपत्र अध्ययन गरी राष्ट्रियताबारेको बौद्धिक विमर्श, छलफलमा सहभागी भएर आफ्ना अभिमत व्यक्त गर्नुहुने सहभागीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

राष्ट्रियता स्थिर कुरा होइन । यो जटिल छ, गतिशील छ र अपरिमित जस्तो पनि । यसको व्याख्या, परिभाषा पनि समयक्रममा सन्दर्भहरूमा आउने परिवर्तनसँगसँगै परिवर्तन हुँदै जाने हुनाले लेखकले पनि यसलाई खुला राख्नु भएको हो; सोचपत्र भन्नुभएको हो । यसैकारणले पनि हामीले छलफलमा व्यक्त विचारमध्ये केही विचार मूल लेखसँगै (वर्णानुक्रमअनुसार) छाप्ने निर्णय गरेका हौं । मूल आलेख र त्यस माथिका टिप्पणीहरूले यसका विभिन्न पक्षलाई बुझ्न र यसमाथि हुने बहसलाई थप गहन बनाउन सघाउने छन् भन्ने हामीले ठानेका छौं । देशका अन्य स्थानमा पनि हामी यसै विषयमा छलफल गर्दैछौं । र, ती छलफलमा व्यक्त विचारमध्ये केहीलाई आगामी संस्करणमा समावेश गर्नेछौं ।

यस विषयको उठान, छलफल कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गर्ने क्रममा धेरैको साथ र सहयोग हामीले पाएका छौं । उहाँहरू सबैप्रति आभार व्यक्त गर्न चाहन्छौं । मार्टिन चौतारीले देशका विभिन्न स्थानमा आयोजना गरेका छलफल कार्यक्रमका सहभागीहरू, ती कार्यक्रमका अभियन्ता विमल अर्याल र विशेषगरी खगेन्द्र संग्रौलालाई धन्यवाद दिन्छौं । चौतारीका साथीहरू सेरा तामाङ, शेखर पराजुली, अनुभव अजीत, शरद घिमिरे, चिरन मानन्धर, अंकलाल चलाउने, कैलाश राई, विमल आरोही, देवराज हुमागाईं, किशोर प्रधान र पुस्तक सम्पादन गर्ने रमेश पराजुलीलाई पनि धन्यवाद दिन चाहन्छौं ।

**प्रत्यूष वन्त**
**मार्टिन चौतारी**
**माघ २०६७**